# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०९।०८ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा, हँसपुर नगरपालिका वडा नं. १ भगवानपट्टीमा रहेको कि.नं. ३३० को सार्वजनिक पोखरीलाई वडा नं. १ का वडा अध्यक्षले ठेक्का लगाउँदा भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **तत्कालीन हँसपुर नगरपालिका वडा नं. १ का वडा अध्यक्ष कामेश्वर कापर**ले हँसपुर नगरपालिका वडा नं. १ स्थित कित्ता नं. ३३० को सार्वजनिक पोखरी ठेक्काबापत आफूले बुझी लिएको दोस्रो वर्षको किस्ता रु.५,५५,०००।—राजस्व रकम राजस्वमा दाखिला गर्नुपर्नेमा सो नगरी हंसपुर गाउँपालिकालाई हानिनोक्सानी/हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा निज कामेश्वर कापरलाई बिगो रु.५,५५,०००।—(पाँच लाख पचपन्न हजार रुपैयाँ) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो अनुसार जरिवाना हुन र सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको बिगो निजबाट असुल उपर हुन एवं नियमित किस्ता हंसपुर नगरपालिकामा दाखिला नगरेको अवस्थामा समेत निरन्तर किस्ता दिएको भनी कामेश्वर कापरले हंसपुर गाँउपालिका वडा नं. १ को लेटर प्याडको दुरुपयोग गरी नियमित किस्ता दाखिला गरेको भन्नेसमेत व्यहोराको गलत व्यहोरा खुलाई गलत लिखत तयार गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निज कामेश्वर कापरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम सजाय हुनसमेत मागदाबी लिइएको छ।

**ठेकेदार मदन कुमार झा र नवीन कुमार चौधरी**ले हँसपुर नगरपालिका वडा नं. १ स्थित कित्ता नं. ३३० को सार्वजनिक पोखरी ठेक्कावापत दोस्रो वर्षको किस्ता रु.५,५५,०००।- राजस्व रकम दाखिला गर्नुपर्नेमा सो नगरी हंसपुर नगरपालिकालाई हानिनोक्सानी गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा निजहरु मदन कुमार झा र नवीन कुमार चौधरीलाई बिगो रु.५,५५,०००।— (पाँच लाख पच्पन्न हजार रुपैयाँ) कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी विगोसमेत जफत हुन मागदाबी लिइएको छ।

साथै, **तत्कालीन प्रमुख प्रशासकीय अधिकृत केशव कुमार अधिकारी**ले हँसपुर नगरपालिका नगरकार्यपालिकाको बैठकको निर्णयमा नभएको नगरेको कुरा देखाई सरकारी कागज सच्याउने कार्य गरी सोही सच्याइएको सरकारी कागजलाई सक्कल हो भनी प्रमाणित गरी गराई गलत लिखत तयार गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निज केशव कुमार अधिकारीलाई सोही ऐनको दफा ९ र दफा ११ बमोजिम कैद र जरिवाना हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे